स्तम्भ :	१५	वंशनाशः
त्वक्	२५	मातृक्लेशः
शाखा	३६	मातुलक्लेशः
पत्रम्	४८	राज्यप्राप्तिः
पुष्पम्	५३	मन्त्रिपदं
फलम्	५७	विपुललक्ष्मीः
शिखा	६०	अल्पायुः

अशुभ जन्मफल तथा शान्तिविधि

औंसी जन्मफलः- औंसीमा जन्मनाले बाबुआमालाई दरिद्र बनाउँछ र जातकको जीवन पनि अति नै संघर्षमय हुनेछ।

शान्ति विधिः- विधिवत कलश स्थापना गरेर औंसीका देवता सूर्य र चन्द्रमाको तामा र सुनको प्रतिमा बनाई थालीमाथि स्थापना गरेर "सविता ...इत्यादि" र "आप्यायस्व ... इत्यादि" मन्त्रले दुवै मूर्तिको विधिवत पूजा गरी "सवितृ" र "सोमोधेनु" मन्त्रले हवन गर्नुपर्छ।

कृष्णचतुर्दशी जन्मफलः- चतुर्दशीको घडीलाई ६ भाग लगाउने । पहिलो भागमा शुभ, दोस्रोमा पितृकष्ट, तेस्रोमा मातृकष्ट, चौथोमा मातुलकष्ट, पाँचौंमा वंशपीडा र छैटौंमा धननाश एवं आत्मविनाश हुन्छ।

शान्तिविधिः- तीन आँखा भएको, साँढेमाथि बसेको शिवजीको सुनको सुन्दर मूर्ति बनाई "त्र्यम्बकं यजामहे...." भन्ने मन्त्रले पूजा गरी नवग्रहको १०८ हवन र पुरूषसूक्त पाठ गर्नाले शुभ हुन्छ।

भद्रा, व्यतीपातयोग, तिथिक्षय र यमघण्टको जन्म पनि अशुभ हुन्छ।

शान्तिविधिः- ग्रह र शिवपूजा गरेर वर र पीपलको प्रदक्षिणा गरी विष्णुको मन्त्रले १०८ हवन गर्नुपर्छ।

एकनक्षत्रजन्मफलः- बाबु, आमा वा दाजु, दिदीको नक्षत्रमा जन्म भएमा दुइमध्ये एकलाई मृत्युतुल्य कष्ट गराउँछ। यस्तोमा शुभ दिन विचार गरी विधिवत कलशस्थापना गरी सुनको नक्षत्ररूपी मूर्ति बनाई पूजागरी १०८ हवन गरी कलशको जलले बाबु आमा र सहोदर समेतलाई अभिषेक गर्नुपर्छ।

संक्रान्तिमा जन्मने व्यक्ति दुःखी, दरिद्री हुने भएकाले निम्न अनुसार शान्ति गर्नुपर्छ।

शान्तिविधिः- घरको पूर्वपट्टि गोवरले लिपेर ३ ठाउँमा धान चामल राखेर त्यसमाथि कलश स्थापना गरी सूर्य, चन्द्र र संक्रान्तिको ३ ओटा सुनको मूर्ति त्यसमाथि स्थापना गरी बीचमा संक्रान्तिको विधि पूर्वक पूजा गर्ने र मृत्युञ्जय मन्त्रले १००८ जप गर्नुपर्छ अनि मृत्युञ्जय मन्त्रले कम्तिमा २८ पटक हवन गर्नुपर्छ।

ग्रहणजन्मफलः- सूर्य-चन्द्र ग्रहणमा जन्म भएको बालक दुःखी, दरिद्री तथा रोगी हुन्छ।

शान्तिविधिः- जुन नक्षत्रमा ग्रहण परेको छ त्यस नक्षत्रको र सूर्य ग्रहण भए सुनको र चन्द्र ग्रहण भए चाँदीको मूर्ति र राहुको शिशाको मूर्ति बनाइ सूर्यलाई रातो, चन्द्रमालाई सेतो (नक्षत्रेशलाई समेत) र राहुलाई कालो वर्णको अक्षता, फूल आदिले पूजा गर्नुपर्छ।

गण्डान्त जन्मफल एवं शान्तिविधिः

तिथिगण्डान्तः- पञ्चमी, दशमी र पूर्णिमाको अन्तिमको २ घडी र परेवा, षष्ठी र एकादशीको सुरूको २ घडी

नक्षत्रगण्डान्तः- रेवती, अश्लेषा र ज्येष्ठाको अन्तिम २ घडी र अश्विनी, मघा र मूलको सुरूको २ घडी।

लग्नगण्डान्तः- मीन-मेष, कर्कट-सिंह र वृश्चिक-धनुको सन्धिको १ घडी लग्नगण्डान्त हुन्छ।
(यी तीनै गण्डान्तजन्म तथा यात्रादिमा मृत्युप्रद हुन्छ।)

शान्तिविधिः- गण्डान्त शान्ति सुतकको अन्तिम दिन वा शुभ दिनमा बाबुले गर्नुपर्छ। शान्ति नगरूञ्जेल बाबुले बालकको मुख हेर्नुहुँदैन। तिथि गण्डान्तमा बाच्छो, नक्षत्र गण्डान्तमा बाच्छी र लग्न गण्डान्तमा सुन दान गर्नुपर्छ। गण्डान्तको पूर्वार्धमा बाबु र परार्धमा परे आमाका साथमा बालकको अभिषेक गर्नुपर्छ। जुन गण्डान्त परेको छ त्यस अनुसारको सुनको प्रतिमा बनाई पूजा र हवन पनि गर्नुपर्छ।

मूलगण्डान्त एवं शान्तिः- ज्येष्ठाको अन्तिम ५ घडी र मूलको सुरूको ८ घडी अभुक्त मूल हुन्छ। अभुक्त मूलमा बच्चाको जन्म भएमा ८ वर्षसम्म बाबुले मुख हेर्नु हुँदैन किनकि अभुक्त मूल महाविघ्नकारी हुन्छ।

शान्तिविधिः- मूल शान्ति १२ औं दिन, शुभ दिन वा अष्टम वर्षको अन्तमा गर्नुपर्छ। आफ्नो घरको पूर्व वा उत्तरपट्टि मण्डप बनाएर यज्ञविधि अनुसार नक्षत्रेशको सुवर्णमूर्ति कलशमाथि राखेर पूजा गर्ने। इन्द्र र वरुणको पनि पूजा गर्ने। १००० छिद्र भएको सहस्रधार (चाल्नो) समेत कलश स्थापना गरी दुवै कलशको जलले अभिषेक गर्ने। मृत्युञ्जय मन्त्रको जप गर्ने र दुवै कलशको जलले स्नान पनि गराउने।

ज्येष्ठा गण्डान्तको शान्ति पनि मूल गण्डान्तजस्तै गरी गर्नुपर्छ। तर यसमा प्रधान देवता इन्द्र, अधिदेव अग्नि र प्रत्यधिदेव राक्षस हुन्छ। खास गरी ज्येष्ठामा केटा-केटीको विवाहको समयमा विशेष रूपले शान्ति गर्नुपर्छ।

द्रष्टव्यः- माथि बताइएका शान्ति विशेष ग्रन्थ हेरेर वा विशेषज्ञको सहायता लिएरमात्र विधिपूर्वक सम्पादन गर्नुपर्दछ। यहाँ त दिग्दर्शनमात्र गरिएको हो।

सूर्यादिनवग्रहशान्तिविधि

सूर्यादि नवग्रहको शान्ति गर्दा जप, हवन, तर्पण, मार्जन र ब्राह्मणभोजन गराउनुपर्छ। स्वस्तिशान्तिको लागि उक्त पाँचै अङ्ग पूरा गर्नुपर्छ। शान्ति गर्दा सूर्यादि ग्रहको जप, जपको दशांश हवन, हवनको दशांश तर्पण, तर्पणको दशांश मार्जन र मार्जनको दशांश ब्राह्मणभोजन गराउनुपर्छ।

संकल्पः- हरि ॐ तत्सत् इत्यादि ....अद्येह अहं जन्मलग्नाद्वर्षलग्नाद् गोचराद् वा अमुक स्थानस्थितेन (कुण्डलीमा कुन ठाउँमा ग्रह बसेको छ) महादशाधिपतिना वा अन्तर्दशाधिपतिना वा...ग्रहेण सूचितसूच्यमाण सूचयिष्यमाणाखिलारिष्टनिवृत्तिपूर्वकं तृतीयैकादशाधिशुभस्थानस्थिति जन्य शुभफलप्राप्त्यर्थं ..... ग्रहप्रीत्यर्थं .... मन्त्रेण जप-हवन- तर्पण-मार्जन-ब्राह्मणभोजनञ्चाहं करिष्ये।

दानको लागिः- अमुकं (दानगर्ने वस्तु) अमुक दैवतं .... ग्रह प्रीतये अमुक गोत्राय .... नाम शर्मणे ब्राह्मणाय संप्रददे तत्सन्न मम भन्नू। दान पछि दानप्रतिष्ठा पनि गर्नुपर्छ।

सूर्य

६	१	८
७	५	३
२	९	४

दान गर्ने वस्तुः- रातो कपडा, सुन, तामा, माणिक्य, गहुँ, कमलको फूल, दुहुनी गाई, मुसुरो, रक्तचन्दन, करवीरको फुल, घिउ।

वैदिकमन्त्रः ॐ आकृष्णेनरजसाव्वर्त्तमानोनिवेशयन्नमृतंमर्त्यञ्च। हिरण्ययेनसवितारथेन देवो यातिभुवनानि पश्यन्॥

तान्त्रिकमन्त्रः ॐ घृणिः सूर्याय नमः। **जपसंख्याः**- ७००० , शिवपूजा।

स्तोत्रम्ः- **जपाकुसुमसंकाशं काश्यपेयं महाद्युतिम्।**
तमोऽरिं सर्वपापघ्नं प्रणतोऽस्मिदिवाकरम्।

रत्नः- माणिक (Ruby) ३, ५ रत्तिको रवि पुष्ययोगमा लगाउने।

चन्द्रमा

७	२	९
८	६	४
३	१०	५

दानगर्ने वस्तुः- घिउ, सेतो कपडा, सुन, मोती, शङ्ख, दही, चाँदी, श्रीखण्ड, कपूर, चामल, जनै, सेतो चामर, वृष।

वैदिकमन्त्रः ॐ इमन्देवाऽअसपत्नढ़ं॰सुबद्ध्वम्महतेक्षत्रायमहतेज्यैष्ठ्याय महतेजानराज्यायेन्द्रस्येन्द्रियाय। इमममुष्यपुत्रममुष्यैपुत्रमस्यै विशऽएष-वोमीराजासोमोऽस्माकम्ब्राह्मणाना ढ़ं॰ राजा॥

तान्त्रिकमन्त्रः ॐ सों सोमायनमः। **जपसंख्याः**- ११,००० , देवीपूजा।

स्तोत्रम्ः- **दधिशंखतुषाराभं क्षीरोदार्णवसम्भवम्।**
नमामि शशिनं सोमं शम्भोर्मुकुटभूषणम्॥

रत्नः- मोती (Pearl) २, ४, ६, ११ रत्तिको शुक्लपक्षको सोमवारमा वा रोहिणीमा लगाउने। ७, ८ रत्तिको लगाउनु हुँदैन।

मंगल

८	३	१०
९	७	५
४	११	६

दानगर्ने वस्तुः- मुगा, गहुँ, मुसुरो, रातो वृष, करवीरको फूल, रातो वस्त्र, सखर, सुन, तामा, रातो चन्दन।

जपसंख्याः- १०,००० , गणेशपूजा

वैदिकमन्त्रः ॐ अग्निर्म्मूर्द्धादिवः ककुत्पतिः
पृथिव्याऽअयम्। अपाढ़ं॰रेताढ़ं॰सिजिन्वति॥

तान्त्रिकमन्त्रः ॐ अं अङ्गारकायनमः

स्तोत्रम्ः- **धरणीगर्भसम्भूतं विद्युत्कान्तिसमप्रभम्।**
कुमारं शक्तिहस्तं तं मंगलं प्रणमाम्यहम्॥

रत्नः- मूगा (Coral) ८ रत्तिको सुनको औंठीमा मंगलवार अनुराधा नक्षत्रमा लगाउने, ५, १४ रत्तिको लगाउनु हुँदैन।

बुध

९	४	११
१०	८	६
५	१२	७

दान गर्ने वस्तुः- हरियो कपडा, मुग, मरकतमणि (पन्ना) सुन, घिउ, काँसो हात्तिको दाँत, भेडा, चाँदी, थरिथरिका फूल र कस्तुरी।

वैदिक जपमन्त्रः ॐ उदबुध्यस्वाग्नेप्रतिजागृहित्वमिष्टापूर्तेसढ़ं॰सृजे-थामयञ्च अस्मिन्त्सधस्थेऽअद्ध्युत्तरस्मिन्विश्वेदेवायजमानश्चसीदत।

तान्त्रिकमन्त्रः ॐ बुं बुधाय नमः **जपसंख्याः** ८,००० , विष्णुपूजा।

स्तोत्रम्ः- **प्रियङ्गुकलिकाश्यामं रूपेणाप्रतिमं बुधम्।**
सौम्यं सौम्यगुणोपेतं तं बुधं प्रणमाम्यहम्॥

रत्नः-पन्ना (Emerald) ६ वा ३ रत्तिको सुनको औंठीमा बुधवार वा उत्तराफाल्गुनीमा लगाउने।

बृहस्पति

१०	५	१२
११	९	७
६	१३	८

दान गर्ने वस्तुः- घोडा, सुन, मह,पहेंलो कपडा, पहेंलो धान, नून, पुष्पराज, चिनी, हलेदो र नवरत्न।

वैदिकमन्त्रः ॐ बृहस्पतेऽअतियदर्योऽअर्हाद्यु मद्विभातिक्रतुमज्जनेषु। यद्दीदयच्छवसऽऋतप्र-जाततदस्मासुद्रविणन्धेहिचित्रम्॥
उपयामगृ-हीतोसिबृहस्पतयेत्वैषतेयोनिर्बृहस्पतयेत्वा॥

तान्त्रिकमन्त्रः ॐ बृं. बृहस्पतये नमः

जपसंख्याः- १९,००० , कुलदेवता पूजा

स्तोत्रम्ः- **देवानां च ऋषीणां च गुरूं काञ्चनसन्निभम्।**
बुद्धिभूतं त्रिलोकेशं तं नमामि बृहस्पतिम्॥

रत्नः- पुष्पराज (Golden sapphire) ९ रत्तिको गुरूवार लगाउने। ६, ११ र १५ रत्तिको लगाउनु हुँदैन।

शुक्र

११	६	१३
१२	१०	८
७	१४	९

दान गर्ने वस्तु:- छिरविरे (बुट्टे) कपडा, चामल, घिउ, सुन, चाँदी, हीरा, सुगन्धितद्रव्य, सेतो घोडा, श्रीखण्ड, दुहुनी गाई।

वैदिकमन्त्र: ॐ अन्नात्परिस्रुतोरसम्ब्रह्मणाव्यपिबत्क्षत्रम्पयः सोमम्प्रजापतिः॥ ऋतेनसत्यमिन्द्रियंविपानᳬशुक्रमन्धसऽइन्द्रस्येन्द्रियमिदम्पयोमृतम्मधु॥

तान्त्रिकमन्त्र: ॐ शुं शुक्रायनमः

जपसंख्या:- ११,०००, इन्द्राणी पूजा।

स्तोत्रम्:- हिमकुन्दमृणालाभं दैत्यानां परमं गुरूम्।
सर्वशास्त्रप्रवक्तारं भार्गवं प्रणमाम्यहम्॥

रत्न:- हीरा (Diamond) २ वा ७ रत्तिको शुक्रवार वा मृगशिरामा लगाउने।

राहु

१३	८	१५
१४	१२	१०
९	१६	११

दानगर्ने वस्तु:- कालो भेडो, गोमेदमणि, फलाम, कम्बल, सुनको सर्प, तिलपूर्ण ताम्रपात्र, तेल, मास, कालोवस्त्र, घोडा।

वैदिकमन्त्र: ॐ कयानश्चित्रऽआभुवदूतीसदावृधः सखा॥ कयाशचिष्ठयावृता॥

तान्त्रिककमन्त्र:- ॐ रां राहवे नमः

जपसंख्या: १८,०००, भैरवपूजा।

स्तोत्रम्:- अर्धकायं महावीर्यं चन्द्रादित्यविमर्दनम्।
सिंहिकागर्भसम्भूतं तं राहुं प्रणमाम्यहम्॥

रत्न:-गोमेद (Hassonite) ३, ६ रत्तिको बुधवार उत्तरफाल्गुनी नक्षत्रमा लगाउने। ७, १०, १६, रत्तिको लगाउनु हुँदैन।

शनि

१२	७	१४
१३	११	९
८	१५	१०

दान गर्ने वस्तु:- नीलमणि, भैंसी, कालो कपडा, फलाम, तिल, मास, गहत, तेल, सुन, कालीगाई।

वैदिकमन्त्र: शन्नोदेविरभिष्टयऽआपोभवन्तुपीतये। शंयोरभिस्रवन्तुनः॥

तान्त्रिकमन्त्र:ॐ शं शनैश्चराय नमः

जपसंख्या:- २३००० देवीपूजा।

स्तोत्रम्:- नीलाञ्जनसमाभासं रविपुत्रं यमाग्रजम्।
छायामार्तण्डसम्भूतं तं नमामि शनैश्चरम्॥

रत्न:-नीलम (Blue sapphire) ३, ६, ७, १० रत्तिको शनिवार वा श्रवण नक्षत्रमा लगाउने।

केतु

१४	९	१६
१५	१३	११
१०	१७	१२

दानगर्ने वस्तु:- वैदूर्यमणि (Cat's Eye) तेल, कस्तुरी, तिल, ऊन, ध्वाँसेकपडा, बोको, मास, सुन, खड्ग, नून, कम्बल, ध्वाँसेफूल।

वैदिकमन्त्र: ॐ केतुङ् कृण्वन्नकेतवेपेशोमर्याऽअपेशसे॥ समुषद्भिरजायथाः॥

तान्त्रिकमन्त्र: ॐ कें केतवे नमः

जपसंख्या: ७,०००, भैरवपूजा।

स्तोत्रम्:- पलाशपुष्पसंकाशं तारकाग्रहमस्तकम्।
रौद्रं रौद्रात्मकं घोरं तं केतुं प्रणमाम्यहम्॥

रत्न:-लहसुनिया, वैदूर्यमणि (Cat's Eye) ६, वा ३ रत्तिको गुरुपुष्य योगमा लगाउने। २,४,११,१३ रत्तिको लगाउनु हुँदैन।

योगिनीहरूको तान्त्रिक मन्त्र

मं. ॐ ह्रीं मंगले मंगलायै स्वाहा।
पिं. ॐ ग्लौं पिंगले वैरिकारिणि प्रसीद फट् स्वाहा।
धा. ॐ श्रींधनदे धान्यै स्वाहा।
भ्रा. ॐ भ्रामरि जगतामधीश्वरि भ्रामरि क्लीं स्वाहा।
भ. ॐ भद्रिके भद्रं देहि अभद्रं नाशय स्वाहा।
उ. ॐ उल्के मम रोगं नाशय जृम्भय स्वाहा।
सि. ॐ ह्रीं सिद्धे मे सर्वमानसं साधय स्वाहा।
सं. ॐ ह्रीं संकटे मम रोगं नाशय स्वाहा।
वि. ॐ नमो भगवति विकटे वीरपालिके प्रसीद, प्रसीद।
मुन्था: ॐ ह्रीं नमो भगवति मुन्थे कष्टं मथ मथ कार्यं साधय साधय स्वाहा।

योगिनी र मुन्थाको दान :- घिउ, मह, चिनी, ताम्रपात्र, पहेंलो कपडा, सुन। इष्टदेवतापूजा।

हवनका लागि ग्रह समिधा अर्कः पलाशः खदिरो ह्यपामार्गोऽथ पीप्पलः॥ औदुम्बरः शमी दूर्वा कुशश्च समिधः क्रमात्॥

विषुवत् शान्तिका लागि चामल दान गर्ने सङ्कल्प: ॐ अद्येह अहं स्वनक्षत्रस्य विषुवत्पुरूषवामाङ्गपातजन्यारिष्टशान्तये इमाँस्तण्डुलान् प्रजापतिदैवतान् .....गोत्राय शर्मणे ब्राह्मणाय तुभ्यं संप्रददे, तत्सन्न मम।

मेषविषुवत्को शान्ति

उशीर, बालप्रियंगु, कमलपत्र, गोरोचन, सहदेवी, माधवको प्रतिमा, कलश, वस्त्र, पूजाभाग, दानप्रतिष्ठा, ब्राह्मणभोजन, दक्षिणा, त्रिमधुले होम, वामपाद पर्नेले केही शान्ति अवश्य गर्नुपर्दछ।

तुलाविषुवत्को शान्ति

बालअगरु, कपूर, श्रीखण्ड, रक्तचन्दन, कूटलोध, गोरोचन, गोविन्दको प्रतिमा, कलश, पहेंलो वस्त्र, सेतो फूल, पञ्चामृत, गोदान, दानप्रतिष्ठा ब्राह्मण, भोजन, दक्षिणा, मह, डुम्रीले होम गर्नुपर्दछ।

द्वादशराशिपरत्वेन सर्वघातचक्रम्

ज.रा.	मे.	वृ.	मि.	क.	सिं.	कं.	तु.	वृ.	ध.	म.	कु.	मी.
चं. घा.	मे.	कं	कुं	सिं	म.	मि.	ध.	वृ.	मी.	सिं	ध.	कुं
ति. घा.	न.	पू.	भ.	भ.	ज.	पू.	रि.	नं.	ज.	रि.	ज.	पू.
वा. घा.	र.	श.	चं.	बु.	श.	श.	बृ.	शु.	शु.	मं.	बृ.	शु.
न. घा.	म.	ह.	स्वा.	अनु.	मू.	श्र.	श.	रे.	भ.	रो.	आ.	श्ले.
यो. घा.	वि.	शु.	प.	व्या.	धृ.	शू.	शू.	व्य.	व.	वै.	गं.	व.
क. घा.	व.	श.	च.	ना.	व.	कौ.	तै.	ग.	तै.	श.	किं.	च.
ल. घा.	१	२	४	७	१०	१२	६	८	९	११	३	५

घातचक्र- राजसेवा (नोकरी आरम्भ) वादविवाद, युद्ध र यात्रामा विचार गर्नुपर्छ। लेनदेन र साझेदारी काममा पनि यो चक्र हेर्नु आवश्यक छ।

प्राच्यमतेन बाणपञ्चकचक्रम्

बाण:	संक्रान्तितो गतांश:(भुक्तगते)	कालभेदेन	वारभेदेन	कार्यभेदेन
रोग:	८।१७।२६	रात्रौ	रवौ	व्रतबन्धे
अग्नि:	२।११।२०।२९	दिवा	भौमे	गृहाच्छादने
नृप:	४।१३।२२	दिवा	शनौ	राजसेवायां
चोर:	६।१५।२४	रात्रौ	भौमे	यात्रायां
मृत्यु:	१।१०।१९।२८	संध्ययो:	बुधे	विवाहे

द्रष्टव्य: अधिकांश विद्वानहरूले बाणलाई गतेको आधारमा बार्ने गरेको पाइन्छ। बाण सूर्यसंक्रान्तिबाट बितेको अंश हो। पात्रोमा दिइएको गते र सूर्यको गतांश फरक पर्न पनि सक्छ। त्यसकारण बाण विचार गर्नको लागि दैनिक लग्न आरम्भ तालिकाको छेउमा दिएको उदयकालीन सूर्य स्पष्टलाई समेत प्रयोग गर्नुहोला।

तिथिवारनक्षत्रसहितयोगिनीशूलचक्रम्

८ (ई.) ३०	सो. श. १, ९ (पू.) ज्ये.	३ (आ.) ११
मं. बु. (उ.) २, १० उफा.	ॐ	ध. श. पू.ठ.रे. (द.) ५, १३ बृ.
७ (वा.) १५	रो. (प.) ६,१४ आ. शु.	४ (नै.) १२

अथ योगिनीवासफलम् ॥
योगिनी सम्मुखे द्यूते गमे युद्धे च मृत्युदा ॥
अशुभा वामभागस्था पृष्ठे दक्षे जयप्रदा ॥

चन्द्रस्थितराशिवशाद् भद्रानिवासज्ञानचक्रम

स्वर्गलोके	मर्त्यलोके	पाताललोके
मेष,वृष,मिथुन,वृश्चिक	कर्कटे,सिंहे,कुम्भे,मीने	कन्या,तुला,धनु,मकर
अत्यावश्यकत्वे ग्राह्यम्	सर्वशुभकार्ये वर्ज्यम्	अत्यावश्यकत्वे ग्राह्यम्

यामार्धादिदुष्टमुहूर्तचक्रम्

वार:	सू.	चं.	मं.	बु.	बृ.	शु.	श.	X
यामार्ध:	४	७	२	५	८	३	०	X
कुलिक:	१४	१२	१०	८	६	४	२	मुहूर्त:
काल:	८	६	४	२	१४	१२	१०	"
कण्टक:	६	४	२	१४	१२	१०	८	"
यमघण्ट	१०	८	६	४	२	१४	१२	"

चन्द्रवासचक्रम्

भद्राफलम्
स्वर्गे भद्रा भवेत् सौख्यं पाताले च धनागमः ।
मृत्युलोके यदा भद्रा कार्यसिद्धिस्तदा नहि ॥
न कुर्यान्मङ्गलं विष्ट्यां जीवितार्थी कदाचन ।
कुर्वन्नज्ञस्तदा क्षिप्रं तत्सर्वं नाशयेत्सुमान् ॥

कालपाशचक्रम् (कालराहु)

दिशा	पू.	आ.	द.	नै.	प.	वा.	उ.	ई.
काल	श.	शु.	बृ.	बु.	मं.	सो.	आ.	०
पाश	मं.	सो.	आ.	०	श.	शु.	बृ.	बु.

चन्द्रवर्णफलम्

राशि	वर्ण	फल
१, ५, ८	राता	झगडा हुने
२, ४, ७	सेता	सिद्धिप्राप्ति
३, ९, १२	पहेंला	लक्ष्मीप्राप्ति
६, १०, ११	काला	मृत्यु

चन्द्रफलम् *(आफ्नो राशिबाट गन्ने)*

राशि	स्थान	फल
३, ५, १	शिरमा	मान बढ्ने
७, १०, ११	छातीमा	सुख हुने
४, ६	पिठ्यूँ	हानि
८, १२	पाउ	हानि
२, ९	हातमा	पैसा आउने

तिथि-वार-नक्षत्रशूलचक्रम्

दिशा	पूर्व	दक्षिण	पश्चिम	उत्तर
बार	सो.शं.	बृ.	शु.आ.	बु.मं.
नक्षत्र	ज्ये	पूभा.	रो.	भ.
तिथि	१,९	५, १३	६, १४	२, १०

नोट: (क) यात्रा र युद्धमा सम्मुख काल, पाश पार्नु हुँदैन। काल दाहिने र पाश देब्रे शुभ हुन्छ।
(ख) जुवा खेल्दा, बहस गर्दा, सङ्ग्राममा र यात्रामा सम्मुख योगिनी वर्जित छ।
(ग) जन्मको चन्द्रमामा यात्रा, युद्ध, विवाह, क्षौर र गृहप्रवेश गर्नुहुँदैन।

यात्रामुहूर्त:

राहु, योगिनी दाहिने वा पछाडि, चन्द्रमा दाहिने वा सम्मुख पारी नक्षत्रशूल, वारशूल (स्त्री र बालकलाई सम्मुख र दक्षिण शुक्रसमेत) छाडी २,३,५,७,१०,११,१३ तिथि अश्वि.रो.मृ.पु. ति. ३ पूर्वा. ३ उत्तरा ह.अनु.ज्ये.मू.श्र.ध. श.रे. यी नक्षत्रमा चर लग्न, द्विस्वभाव लग्नदेखि केन्द्र त्रिकोणमा शुभ ग्रह ३,६,११ मा पाप ग्रह भई अष्टम स्थान शुद्ध गरी कुम्भ–कुम्भांशक, मीन–मीनांशक, त्याज्य घटी, लालाटिकयोग, परिघयोग, दण्डयोग, घात आादि, सम्मुख सूर्य, अर्धरात्रिमा, उत्तर शुक्र, चन्द्र, गुरु अस्त, बाल्य, वृद्धत्व, व्यतीपात, भद्रा, वैधृति, उषाकाल पूर्व, गोधुली पश्चिम सम्पूर्ण अशुभ योग छाडी शुभबेलामा यात्रा गर्नु।

उष: कालादिप्रशंसा

उषः प्रशंसते गर्गः शकुनञ्च बृहस्पतिः।
अङ्गिरा मन उत्साहो विप्रवाक्यं जनार्दनः॥

(यात्रामा गर्गले उषाकालको, बृहस्पतिले शकुनको, अङ्गिराले मनको उत्साह र जनार्दन (भगवान)ले ब्राह्मणको वचनलाई प्रशंसा गरेका छन्।)

सहगमन विचार

पितापुत्रौ न गच्छेतां न गच्छेत्सहजद्वयम्।
नवस्त्रीभिर्नगन्तव्यं न गच्छेद्ब्राह्मणत्रयम्॥

(बाबु–छोरा, दाजु–भाइ, नौजना स्त्री र तीनजना ब्राह्मण एकैसाथ यात्रा गर्नु हुँदैन।)

नवमदिनादिवर्ज्यम्

प्रवेशान्निर्गमं तस्मात्प्रवेशं नवमे तिथौ।
नक्षत्रेऽपि तथा वारे नैव कुर्यात्कदाचन॥

(यात्राबाट आई पुनः यात्रा गर्दा र यात्रा गरेर प्रवेश गर्दा नवौं तिथि, नवौं नक्षत्र र नवौं वारमा कहिल्यै पनि गर्नुहुन्न।)

द्रष्टव्यः आउनु नै पर्ने अवस्थामा रात परेपछि घरको मान्य व्यक्तिले बोलाएर आउने चलन छ।

यात्राको लागि शुभ शकुनः- ब्राह्मण, घोडा, हात्ती, फल, अन्न, दही, गाई, कमल, वेश्या, बाजा, बाँधेको पशु, मीठो बोली, फूल, पानी भरिएको घडा, छाता, कन्या, रत्न, मदिरा, छोरो सहितकी स्त्री, बलेको आगो र माछा।

यात्राको लागि अशुभ शकुनः- बाँझी महिला, छाला, हाड, सर्प, नून, अङ्गार, हिजडा, चर्पी, विष्ठा, तेल, पागल, औषधी, शत्रु, जटाधारी योगी, घाँस, विरामी, नाङ्गा, पतित, अंगहीन, भोको मानिस, रोएको, रजोवती स्त्री, घर जलेको, बिरालाको झगडा, बिरालाले बाटो काटेको, हाच्छ्यूँ आएको, विधवा, गधा कराएको, गर्भिणी स्त्री, कपाल खौरिएको मानिस, भिजेको कपडा, अन्धो, बहिरो, कुप्रो र सुत्केरी, खाली घडा, उल्टो जुत्ता,चप्पल आदि।

यात्रा गर्दा अपशकुन देखिएमा पहिलो पटक उभिएर ११ पटक प्राणायाम गर्ने। दोस्रो पटक देखिएमा १६ पटक प्राणायाम गरी हिड्ने। यदि तेस्रोपटक पनि अशुभ शकुन देखिएमा यात्रा नगर्ने, फर्कने।

यात्रा सुरू गरेको १ कोश भित्रलाई मात्र शकुन विचार गर्नुपर्छ। यात्रामा लग्न, मुहूर्त, तिथि, नक्षत्र नमिलेमा अत्यावश्यक यात्राको लागि उषाकाल, गोधुली र अभिजित मुहूर्त विचार गरी यात्रा गरे हुन्छ। तर पूर्वमा उषा कालमा, पश्चिममा गोधुलीमा र दक्षिणमा अभिजित मुहूर्तमा यात्रा गर्नुहुँदैन।

छिट्टै गर्नुपर्ने कामको लागि, पराधीनतामा र असाधारण अवस्थामा यात्राका लागि तिथि नक्षत्र आदि विचार गर्न सकिँदैन। त्यस्तो अवस्थामा मनमा उत्साह लिएर तल लेखिएको भगवान्को नाममन्त्र पढेर यात्रा सुरू गरे शुभ हुन्छ।

मन्त्रः मङ्गलं भगवान् विष्णुर्मङ्गलं गरुडध्वजः।
मङ्गलं पुण्डरीकाक्षो मङ्गलायतनं हरि :॥
तदेव लग्नं सुदिनं तदेव ताराबलं चन्द्रबलं तदेव।
विद्याबलं दैवबलं तदेव लक्ष्मीपतेस्तेऽङ्घ्रियुगं स्मरामि॥

यमघण्ट योग

मघार्कवारे शशिनो विशाखा, आर्द्रा च भौमे च बुधे च मूलम्। गुरौ च कृतिका रोहिणी च शुक्रे, शनौ च हस्तो यमघण्टयोगः॥ द्वितीया अनुराधायास्तृतीया उत्तरात्रयम्। चतुर्थी च मघायुक्तो षष्ठीमूलेषु सप्तमी। अष्टमी रोहिणीं चैव चित्रा स्वाती त्रयोदशी। एतद्योगेषु तत्कार्ये षण्मासे मरणं भवेत्॥ विवाहो तीर्थयात्रा च शुभकार्यञ्च वर्जयेत्॥

कम्प्यूटरबाट तुरुन्तै चिना बनाउन, वैदिक कर्मकाण्ड गर्न, सन्तान नभएमा र सफल दाम्पत्य जीवनका लागि सल्लाह चाहिएमा साथै मानसिक तथा शारीरिक (लागु-भागुसम्बन्धी) बिरामीहरूको तान्त्रिक विधिद्वारा चिना, ग्रह दशा हेरी **ग्यारेन्टीका साथ उपचार गरिन्छ।**

ज्यो. पं. ईश्वरी प्रसाद अधिकारी

भ.न.पा.–१२ सहयोगीटोल, शिव मन्दिर, चितवन
(हाम्रो चोकबाट ३०० मिटर उत्तर)
फोन नं : ०५६-४२००२१
मोबाइल : ९७४५०१६४११, ९८४५४६९५०१

अग्निवाससारिणी

शुक्लपक्षे | कृष्णपक्षे

ति	१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	ति.
आ.	भू.	भू.	स्व.	पा.	भू.	भू.	स्व.	पा.	भू.	भू.	स्व.	पा.	भू.	भू.	स्व.	सो.
सो.	भू.	स्व.	पा.	भू.	भू.	स्व.	पा.	भू.	भू.	स्व.	पा.	भू.	भू.	स्व.	पा.	मं.
मं.	स्व.	पा.	भू.	भू.	स्व.	पा.	भू.	भू.	स्व.	पा.	भू.	भू.	स्व.	पा.	भू.	बु.
बु.	पा.	भू.	भू.	स्व.	पा.	भू.	भू.	स्व.	पा.	भू.	भू.	स्व.	पा.	भू.	भू.	बृ.
बृ.	भू.	भू.	स्व.	पा.	भू.	भू.	स्व.	पा.	भू.	भू.	स्व.	पा.	भू.	भू.	स्व.	शु.
शु.	भू.	स्व.	पा.	भू.	भू.	स्व.	पा.	भू.	भू.	स्व.	पा.	भू.	भू.	स्व.	पा.	श.
श.	स्व.	पा.	भू.	भू.	स्व.	पा	भू.	भू.	स्व.	पा.	भू.	भू.	स्व.	पा.	भू.	०
०	पा.	भू.	भू.	स्व.	पा.	भू.	भू.	स्व.	पा.	भू.	भू.	स्व.	पा.	भू.	भू.	आ.

अग्निवास जुराउँदा शुक्लपक्षमा (शु.) र कृष्णपक्षमा (कृ.) लेखेको मुनिको वार र तिथि संख्या मिलेको कोठामा हेर्नुपर्छ। **स्व.** र **पा.** लेखेकोमा अग्नि जुर्दैन। भू. लेखेकोमा जुर्छ।

ग्रहमुखचक्रम् रविभात्

ग्र.	सू.	बु.	शु.	श.	चं.	मं.	बृ.	रा.	के.
न.	३	६	९	१२	१५	१८	२१	२४	२७
फ.	अ.	शु.	शु.	अ.	शु.	अ.	शु.	अ.	अ.

सूर्याक्रान्तनक्षत्राद् गणना दिनभावधिः

वृषवास्तुचक्रम्

३	दाहः	१८	लाभ :
७	शून्यम्	२१	स्वामिनाशः
११	स्थिर	२५	दारिद्रयम्
१४	श्रीः	२८	मृतिः

चुल्लीचक्रम्

१०	लाभः
१५	दरिद्रत्वः
२०	भ्रमणम्
२५	मरणम्
२७	भम्याप्तिः

कलशचक्रम् रविभात्

नं.	फलानि
१	अग्निदाहः
५	जनवासशून्यम्
९	द्रव्यलाभः
१३	श्रीप्राप्तिः
१७	कलहः
२१	विनाश
२४	स्थैर्यशुभः
२७	स्थिरत्वम्

काष्ठस्थापन-चक्रम् सूर्यभात्

६	रसपाकः
८	शवदाहः
१२	सर्पभीः
१६	मित्रसङ्गः
२०	रोगभीः
२४	क्वाथः
२८	सुखम्

अग्निवासफलम्

स्व.	प्राणनाशः
पा.	धननाशः
भू.	सुखम्

द्वारचक्रम् रविभात्

४	लक्ष्मीप्राप्तिः
१२	जनवासशून्यम्
२०	सौख्यंभवेत्
२३	गृहशनाशः
२७	सौख्यं स्यात्

हलचक्रम् सूर्यभात्

२	असत्
१०	सत्
१९	असत्
२७	सत्
२८	असत्

पुराणश्रवणचक्रम्
गुरुभाद्दिनभावधिः

नं.	फलानि
४	धर्मप्राप्तिः
८	श्रीप्राप्तिः
९	कथासिद्धिः
१४	परमसुखम्
२०	पीडाः
२४	नृपभयम्
२७	ज्ञानप्राप्तिः

शिववासफलसारिणी
मेरुतन्त्रोक्तम्

शु.	शिववासः	फलम्	कृ.
१	श्मशाने	मृत्यु	७
२	गौरीसन्निधौ	शुभम्	१
३	सभायां	तापम्	२
४	क्रीडायां	सन्तानहानिः	३
५	कैलाशे	सुखम्	४
६	वृषे	श्रीप्राप्तिः	५
७	भोजने	भोजनप्राप्तिः	६
८	श्मशाने	मृत्युः	०
९	गौरीसन्निधौ	शुभम्	८, ३०
१०	सभायां	तापम्	९
११	क्रीडायां	सन्तानहानिः	१०
१२	कैलाशे	सुखम्	११
१३	वृषे	श्रीप्राप्तिः	१२
१४	भोजने	भोजनप्राप्तिः	१३
१५	श्मशाने	मृत्युः	१४

फणिचक्रम् राहुभात्

असत्	सत्	असत्	सत्	असत्	सत्	असत्	सत्	असत्
८	११	१२	१५	१६	१९	२०	२३	२७

रुद्री जुर्ने तिथि

शुक्लै पक्ष छ, सात, तेह, चौध, नौ, बाह, दुई, पाँच तिथि।
कृष्णौ तेह, एघार, बाह, तीस, आठ, छ, पाँच, चार, एक् यति॥
रुद्री गर्न अवश्य जुर्छ शिववास हेर्लन् नहेर्लन् कुनै।
जुर्दैनन् यी तिथि बिना अरु तिथि गर्नु किता दिन्दिनै॥

भूकम्पलग्नफलम्

क. म. मी.	कुर्मः	मृत्युः
मि. सि. तु.	सर्पः	दुर्भिक्षम्
कु. ध. कं.	पृथ्वी	सुभिक्षम्
मे. वृ. वृश्चिक	गजः	श्रेयः

चिना, टिप्पन लेख्न, हेर्न, सन्तानसम्बन्धी परामर्श, ग्रहशान्ति आदि परामर्शको लागि सम्पर्क गर्नुहोस्।

माता मनकामना ज्योतिष केन्द्र

ज्यो.मातृका घिमिरे

इटहरी-४, मोबाइलः ९८४२०८३७५३

मुहूर्त प्रकरण (साइत)

अन्नप्राशन मुहूर्त (पास्नी):- छोराको ६ र छोरीको ५ महिनामा अन्नप्राशन गराउनुपर्छ, विशेष अवरोध परेमा छोराको ८ र छोरीको ७ महिनामा अन्नप्राशन गराउन सकिन्छ। २।३।५।७।१०।१३ तिथि सोम, बुध, गुरु, शुक्रवार पारेर अ., रो., मृ., पु., ति., ३ उत्तरा, ह. चि. स्वा. अनु. श्र. ध. शत. रे. यी १६ नक्षत्रका दिन जन्मर्क्ष लग्नदेखि अष्टम लग्न, त्यसको नवमांशक र १।८।१२ लग्न नपारी केन्द्र, त्रिकोण, तृतीयमा शुभग्रह ३।६।११ मा पापग्रह भई दशमस्थान शुद्ध गरी शुभ बेलामा बालकलाई अन्नप्राशन गराउनू।

कर्णवेध (कान छेड्ने) मुहूर्त:- चैत्र, पौष, तिथिक्षय, चातुर्मास, जन्ममास ४।९।१४ तिथि, जोरवर्ष, जन्मनक्षत्र छाडी जन्मदेखि १२।१६ दिन वा ६।७।८ महिनामा सोम, बुध,गुरु, शुक्रवार, अ. मृ. पु. ति. ह. चि. अनु. श्र. ध. रे. यी दश नक्षत्रमा केन्द्र त्रिकोणमा शुभग्रह गुरू, शुक्रका लग्न, राशिमा अष्टमस्थान शुद्ध गरी कर्णवेध गर्नू। (छोराको दाहिने र छोरीको देब्रे कान पहिले छेड्ने।)

चूडा (छेवर) मुहूर्त:-जन्मदेखि विजोर ३।५।७ वर्षमा ८।१२ रिक्ता तिथि, चैत्रमास, पर्वदिन (अष्टमी, चतुर्दशी, औंसी, पूर्णिमा र संक्रान्ति), जन्मराशि र लग्नदेखि अष्टम लग्न छाडी उत्तरायण सोम, बुध, गुरू, शुक्रवार अश्वि. मृ. पु. ति. ह. चि. स्वा. ज्ये. श्र. ध. श. रे. नक्षत्रमा ३।६।११ (लग्नदेखि) मा पापग्रह अष्टम स्थान शुद्ध गरी शुभ लग्न, शुभांशकमा चूडा (छेवर) गर्नू।

अक्षरारम्भ मुहूर्त:- उत्तरायण २।३।५।६।१०।११।१२ तिथि, सोम, बुध, गुरु, शुक्रवार अश्वि. पु. ति. अश्ले. ह. चि. स्वा. अनु. श्र. रे. नक्षत्र शुभ लग्न शुभांशकमा गणेश, सरस्वती, विष्णु, लक्ष्मीको पूजागरी अक्षरारम्भ गराउनू।

कन्यावरण मुहूर्त:- कृ. रो. मृ. म. ३ पूर्वा. ३ उत्तरा. ह. स्वा. अनु. श्र. मू. ध. रे. यी १७ नक्षत्र र शुभ वारमा गर्नु शुभ हुन्छ।

स्वयम्वरमुहूर्त:-कृ.रो.३ पूर्वा ३ उत्तरा यी नक्षत्रमा गर्नु।

बधूप्रवेशमुहूर्त:- विषम मास, विषम वर्षमा ५ वर्ष नाघे अश्वि. ३ उत्तरा. रो. मृ. ति. ह. चि. स्वा. मू. श्र. ध. रे. नक्षत्रमा रिक्ता तिथि रवि, भौम, बुधवार छाडी गर्नु। १६ दिन भित्र भए ५। ७।९ र अरू जोर दिन पारी वधूप्रवेश गराउनू अरू साइत हेर्नुपर्दैन।

द्विरागमनमुहूर्त:- सम्मुख दाहिने शुक्र छाडी विषम १।३।५ वर्ष ११।१।८ महिना रवि, गुरू, शुद्धि भई सोम, बुध, गुरू, शुक्रवार ३।१२।६।७।२ लग्नमा अनु. रो. पु. ति. ३ उत्तरा ह. स्वा. वि. अनु. मू. श्र. ध. श. रे. नक्षत्रमा द्विरागमन गर्नू।

प्रसूता स्त्रीले स्नान गर्ने वा पानी छुने मुहूर्त:- रवि, भौम, गुरूवारमा अश्वि. रो. मृ. ३ उत्तरा. ह. स्वा. अनु. रे. यी नक्षत्रमा शुभ हुन्छ।

दोकान खोल्ने मुहूर्त:- रिक्ता, अमा. तिथि, भौमगलबार, चर र कुम्भ लग्न छाडी अश्वि., रो. मृ. ति. ३ उत्तरा. ह. चि. अनु. रे. नक्षत्रमा लग्नबाट १, ८, १२ स्थानको पापग्रह शुद्ध गरी पसल थाप्नु शुभ हुन्छ।

गृहारम्भ मुहूर्त:- कर्ताको सूर्य, बृहस्पति, चन्द्रमा बली भई जामित्र विवाहोक्त दोष सम्पूर्ण छाडी रवि, मङ्गलवार चरलग्न चरांशक, ४,९,१४ तिथि छाडी रो.मृ.ति. ३ उत्तरा ह. चि. स्वा. अनु. ध. श. रे. यी १३ नक्षत्रमा पौष, फाल्गुन, वैशाख, श्रावण, कार्तिक, मार्गशीर्ष महिनामा वृषवास्तु चक्र जुराई गृहारम्भ गर्नू।

शिलान्यास मुहूर्त:- अश्वि.रो.मृ.ति. ३ उत्तरा, ह. श्र. रे. नक्षत्रमा गर्नु शुभ हुन्छ।

खातारम्भ मुहूर्त:- नाग (निमा) राहुको मुख हेरेर खातारम्भ गर्नू।

गृहप्रवेश मुहूर्त:- उत्तरायण वैशाख, ज्येष्ठ, माघ, फागुन महिनामा रवि, मंगलवार, रिक्ता तिथि अमा तिथि,चरलग्न, चरांशक,चैत्रमास छाडी रोहिणी मृ. चि.अनु.३ उत्तरा रे. नक्षत्रमा जन्मराशि वा लग्नदेखि ३।६।११मा पाप ग्रह १।७।१०।९।५।११।२।३ स्थानमा शुभ ग्रह भई ४।८ स्थान शुद्ध गरी जन्मर्क्षलग्नदेखि अष्टमलग्न छाडी शुद्ध भकूटमा जलपूर्ण कलश ब्राह्मण अघि लगाई कलशचक्र समेत जुराई गृहप्रवेश गर्नु शुभ हुन्छ।

वास्तुमुहूर्त:- वैशाख, श्रावण, कार्तिक, मार्गशीर्ष, फाल्गुन महिना अश्वि. रो. मृ. पु. ति. ३ उत्तरा. ह. चि. स्वा. अनु. श्र. ध. श. रे. यी १५ नक्षत्रमा २।३।५।६।१०।११ लग्नमा वास्तुमुहूर्त जुराई वास्तु गर्नु शुभ हुन्छ।

पशुको स्थानान्तरण मुहूर्त:- रो.३ उत्तरा श्र.नक्षत्र ४।९।१४।८।३० तिथि मङ्गलवार छाडी शुभग्रहको लग्नदेखि ८औं स्थान शुद्ध गरी योगिनीचक्र जुराई पशुलाई सार्नू।

गाई, भैंसी किनबेच गर्ने मुहूर्त:- अश्वि.पु.ति.ह. वि.ज्ये.श.रे. यी नक्षत्र शुभ छन्।

वस्त्राभरण धारणमुहूर्त:- अश्वि.ह. चि.स्वा. अनु. रे. यी नक्षत्रमा सधवा स्त्रीको वस्त्र गहना लगाउनु। स्त्री वा पुरूषहरूलाई रिक्ता तिथि छाडी बुध, बिहि, शुक्रवारमा रो. आ. पु.ति. ३ उत्तरा नक्षत्रमा शुभ छ।

चुल्लीनिर्माण मुहूर्त:- अश्वि.रो.आ.ति. ३ पूर्वा, ३ उत्तरा नक्षत्रमा श्रावण महिना छाडी चुल्लीचक्र जुराई चुलि निर्माण गर्नू।

द्रव्यप्रयोग मुहूर्त:- चर लग्न बुधवार छाडी चर लग्न देखि ५।८।९ स्थान शुद्ध गरी अश्वि. मृ. पु. ति. चि. स्वा. वि. अनु. श्र.ध.श.रे.यी नक्षत्रमा धन दिनू। बुधवार ऋण नदिनु र मङ्गलवार ऋण नलिनू।

घरछाउने मुहूर्त:- २।३।५।१०।११।१३ तिथिमा अश्वि. रो. मृ. पु. ति. उफा. ह. चि. स्वा. अनु. उषा. अभि. यी नक्षत्रमा रवि, मङ्गलवार छाडी घर छाउनु शुभ हुन्छ।

वास्तुपूजन मुहूर्तः- ४, ८, ९, १४, ३० शुक्लपक्ष १, १५ तिथि रवि, मङ्गल, शनिवार लग्नदेखि १, ८, १२ मा पापग्रह छोडी वृषवास्तु चक्र, अग्निवास र ग्रहमुख जुराई अश्वि., रो., मृ., पुन., ति. ३ उत्तरा, ह., चि., स्वा. अनु., मू. श्र., ध. श., रे. नक्षत्रमा कर्ताको चन्द्रबल जुराई वास्तुपूजन गर्नु शुभ हुन्छ।

जीर्णगृहप्रवेश मुहूर्तः- कार्तिक, मार्गशीर्ष, श्रावण महिनामा रो. मृ. ति. चि. स्वा. अनु. ३ उत्तरा ध. श. रे. यी नक्षत्रमा जीर्णगृह प्रवेश गर्नू।

ढोकाराख्ने मुहूर्तः- अश्वि. रो. मृ. ति. ३ उत्तरा. ह. स्वा. श्र. रे. नक्षत्रमा द्वारचक्र जुराइ ढोका राख्नू।

खोपाउने मुहूर्तः- अश्वि.रो.मृ.ति.ह.चि.स्वा. अनु. अभि. श्र. ध. रे. यी १२ नक्षत्र रवि, मंगल, बिहिवार शुभ छन्। द्विपुष्कर पञ्चक जन्मवार जन्मनक्षत्र छोड्नुपर्छ।

नवान्नप्राशन मुहूर्तः- अश्वि. मृ.पु.ति.ह. चि.स्वा. अनु. अभि. श्र.ध.श.रे. यी १३ नक्षत्रमा शुभ छ। १।६।११ तिथि शनि, मङ्गलवार चैत्र, पौषमास विषघडी छाड्नू।

औषधी सेवनगर्ने मुहूर्तः- अश्वि.मृ.पुन.ति.ह. चि.स्वा.अनु.मू. श्र. ध. श. रे. यी १३ नक्षत्रमा आइत, सोम, बुध, बिहि र शुक्रवार शुभ छन्।

हलो जोत्ने मुहूर्तः- अश्वि.रो.मृ.पु.ति ३ उत्तरा ह. चि.स्वा.वि.अनु. मू.श्र.ध.श.रे. यी १८ नक्षत्रमा रवि, शनिवार ४।६।९।१४ तिथि ४।५।७।१०।११ लग्नछोडी हलचक्र जुराई खेतवारीमा हलो जोत्न बेस हुन्छ। औंसी र पूर्णिमा तिथिमा हलो जोत्नुहुँदैन।

बीउ छर्ने मुहूर्तः- अश्वि.रो.मृ.ति. ३ उत्तरा.ह. चि. स्वा. अनु. म. ध. रे. यी नक्षत्रमा रवि, भौम, शनि, ४।६।९।१४ तिथि ४।५।१०।११ लग्न छाडी फणिचक्र जुराइ बीउ छर्नू।

रोपाञी गर्ने मुहूर्तः- रो.उफा. वि.मू.श.पूभा. यी ६ नक्षत्रमा भौम, शनिवार छाडी बीउ छरेका ठाउँबाट अन्त सार्नु रोप्नु शुभ छ।

मुठीलिँदाः- भ.कृ.मृ.आ.ति.अश्ले. म. ३ उत्तरा. ह. चि. स्वा. ज्ये. मू. पूषा. श्र. ध.पूभा. यी १९ नक्षत्रमा ४।९।१४ तिथि भौम, शनिवार छाडी पाकेका अन्न काट्नु, टिप्नु, उखेल्नु बेस हुन्छ।

दाञी गर्दाः- रो.म.पूफा. उफा. अनु.ज्ये. मू.श.रे. यी ९ नक्षत्रमा दाञी गर्नु चुट्नु झार्नु बेस छ।

भकारी भर्दाः- अश्वि. रो. मृ. पु. ति. ३ उत्तरा. ह. चि. स्वा. अनु. पूषा. श्र. ध. श. रे. यी १८ नक्षत्रमा रवि.भौम, शनिवार १।४।७ लग्न छाडी तयार भएको अन्न भकारीमा थन्क्याउनु बेस छ।

किनबेचः- अश्वि.रो.मृ.ति. ३ उत्तरा. ह. चि. अनु.मू. श्र.रे.यी १३ नक्षत्रमा रवि.सोम. बुध. गुरूवारमा दाहिने वा सम्मुख चन्द्र पारी व्यापार गर्नू।

राजसेवा गर्दाः- अश्वि.रो.मृ.ति. ३ उत्तरा.ह.चि. अनु.श्र.ध.रे. यी १३ नक्षत्रमा राजसेवा गर्नु बेस हुन्छ।

काठको खलियो लाउँदाः- रो. आ. म. पूफा. ह. स्वा. वि. अनु. मू. पूषा. श्र. यी ११ नक्षत्रमा आइत, सोम, भौम, बुध, शुक्रवार शुभ छन्। काष्ठस्थापन चक्र जुराउनु बेस हुन्छ।

मित लगाउँदाः- मृ. ति. पूफा. चि. रे. यी ५ नक्षत्रमा ८।१२ तैतिल करण सोम, बुध, बिहि र शुक्रवार शुभ छन्।

पुराणश्रवण मुहूर्तः- अश्वि. रो. मृ. ति. अनु. ह. मू. श्र. यी ८ नक्षत्रमा शुभतिथि शुभ वारमा गुरू शुक्रको उदयकालमा पुराणश्रवण चक्र जुराई पुराण श्रवणारम्भ गर्नु शुभ हुन्छ।

दीक्षाग्रहण मुहूर्तः- वैशाख, श्रावण, आश्विन, कार्तिक,मार्गशीर्ष, माघ, फाल्गुन मासमा अश्वि. रो.मृ. आ. पु. ति. ३ पूर्वा, ३ उत्तरा, ह. स्वा. वि. अनु. मू. श्र. ध. श. रे. यी २१ नक्षत्रमा आइत, सोम, बुध, बिही, शुक्रवारका शुक्लपक्ष २।३।५।८।११ तिथि कृष्णपक्ष २।३।५ तिथिमा गुरू, शुक्रको उदयकालमा २।३।४।५।६।७।९।१२ यी लग्नमा चन्द्रमा र ताराबल जुराइ लग्नदेखि ३।६।११ स्थानमा पापग्रह केन्द्रत्रिकोणमा शुभग्रह र गुरू शुक्रको लग्नमा दृष्टि भै भद्रा छोडी संक्रान्ति सूर्य चन्द्रग्रहणमा दीक्षा मन्त्र लिनु शुभ हुन्छ।

बालक जन्मदाः- ज्ये.मू. अश्ले.म.अमा. कृष्ण-चतुर्दशीमा आमाबावु र सहोदर दाजु-दिदीका नक्षत्रमा, ग्रहणकालमा, तिथिगण्डान्त (५।१०।१५।३० तिथिको पछिल्लो १ घडी १।६।११ तिथिको आदिको १ घडी, नक्षत्र गण्डान्त अश्ले.ज्ये.रे. का पछिल्ला २ घडी, अश्वि.मघा. मूलको आदिको २ घडी) लग्नगण्डान्त (४।८।१२ लग्नको पछिल्लो आधाघडी १।५।९ लग्नको आदिको आधाघडी) व्यतिपात वैधृति, संक्रान्ति चित्रा नक्षत्रको तेस्रो पाउ, उत्तराफाल्गुनीको पहिलो पाउ, तिष्यको २।३ पाउमा तिथिक्षय, भद्रा यमघण्टा, दग्धयोग, कुलिक, कालवेला, विष्कम्भ वज्रयोगको ३ घडी गण्डको ६ घडी परिघको पूर्वार्द्ध, शूलको ५ घडी, व्याघातको ९ घडिमा, बालकको जन्म भएमा केही अनिष्ट हुन्छ। सामान्य रूपले रूद्री, चण्डी, शान्तिकाध्याय पाठ गर्नाले शुभ हुन्छ।

यस सूर्यपञ्चाङ्गलाई विभिन्न क्षेत्रबाट सहयोग पुऱ्याउनु हुने महानुभावहरूः

डा.बलराम उपाध्याय रेग्मी	श्री सुन्दर कँडेल
श्री हरिप्रसाद शर्मा	श्री कृष्णप्रसाद ढुङ्गेल
श्री मुकुन्दप्रसाद ढुङ्गेल	श्री केशव सिलवाल
श्रीमती विन्दा ढुङ्गेल	श्री खिलहरि घिमिरे
श्री भीष्मप्रसाद ढुङ्गेल	श्रीमती दुर्गा घिमिरे
श्री केदारप्रसाद ढुङ्गेल	श्री सुदर्शन पौडेल
प्रा.भोजराज ढुङ्गेल	श्री सुशिल कोइराला

अथात्र वर्षप्रवेश-सारिणी-जन्मवारेष्टघटीषु क्षेपकमिदम् वारादि:

गतवर्षा:	१	२	३	४	५	६	७	८	९	१०	२०	३०	४०	५०	६०	७०	८०	९०	१००
वारा:	१	२	३	५	६	०	१	३	४	५	४	२	१	६	५	४	२	१	६
घट्य:	१५	३१	४६	२	१७	३३	४८	४	१९	३५	१०	४५	२१	५६	३१	६	४२	१७	५२
पलानि:	३१	३	३४	६	३७	९	४०	१२	४३	१५	३०	४५	०	१५	३०	४५	०	१५	३०
मुन्था	१	२	३	४	५	६	७	८	९	१०	८	६	४	२	०	१०	८	६	४

विंशोत्तरीमुद्दादशाचक्रम्

ग्रहा:	सू.	चं.	मं.	रा.	बृ.	श.	बु.	के.	शु.
मासा:	०	१	०	१	१	१	१	०	२
दिनानि	१८	०	२१	२४	१८	२७	२१	२१	०

विंशोत्तरीमुद्दादशाचक्रम्

राशय:	मे.	बृ.	मि.	क.	सिं	कं.	तु.	वृ.	ध.	मं.	कुं.	मी.
दिवा	सू.	शु.	श.	शु.	बृ.	चं.	बु.	मं.	श.	मं.	बृ.	चं.
रात्रौ	बृ.	चं.	बु.	मं.	सू.	शु.	श.	शु.	श.	मं.	बृ.	चं.

योगिनीमुद्दादशाचक्रम्

ग्रहा:	मं.	पिं.	धा.	भ्रा.	भ.	उ.	सि.	सं.
मासा:	०	०	१	१	१	२	२	२
दिनानि	१०	२०	०	१०	२०	०	१०	२०

होराचक्रम्

अंशा:	मे.	बृ.	मि.	क.	सिं	कं.	तु.	वृ.	ध.	म.	कुं.	मी.
१५	सू.	चं.	सू.	चं.	सू.	चं.	सू.	चं.	सू.	चं.	सू.	चं.
३०	चं.	सू.	चं.	सू.	चं.	सू.	चं.	सू.	चं.	सू.	चं.	सू.

द्रेष्काणचक्रम्

मे.	बृ.	मि.	क.	सिं	कं.	तु.	वृ.	ध.	म.	कुं.	मी.	अं.
मं.	शु.	बु.	चं.	सू.	बु.	शु.	मं.	बृ.	शं.	शं.	बृ.	१०
सू.	बु.	शु.	मं.	बृ.	शं.	शं.	बृ.	मं.	शु.	बु.	चं.	२०
बृ.	शं.	शं.	बृ.	मं.	शु.	बु.	चं.	सू.	बु.	शु.	मं.	३०

मुन्था ल्याउने तरिका:- गतवर्ष संख्यामा जन्मलग्न जोडी १२ ले भाग दिंदा शेष रहेको संख्या मुन्था रहेको राशि हुन्छ।

विंशोत्तरी मुद्दादशा ल्याउने तरिका

जन्म नक्षत्र संख्यामा गत वर्ष जोडी त्यसमा २ घटाई ९ ले भाग दिंदा शेष रहेको सूर्यादि मुद्दादशा हुन्छ।

योगिनी मुद्दादशा ल्याउने तरिका

जन्मनक्षत्र संख्यामा गत वर्ष जोडी त्यसमा ३ थपी ८ ले भाग दिंदा शेष रहेको मंगलादि योगिनी मुद्दादशा हुन्छ।

प्रश्नप्रकरणम्

प्रश्नलग्नात् चौरज्ञानम्		चौर प्रश्नचक्रम्			
		अन्धलोचन	मन्दलोचन	मध्यलोचन	सुलोचन
१	ब्राह्मण:	ध.	ह.	आ.	स्वा.
२	क्षत्रिय:	ति.	उ.षा.	म.	पु.
३	वैश्य:	रो.	अनु.	पू.भा.	श्र.
४	शूद्र:	पू.षा.	श.	चि.	कृ.
५	स्वजन:	वि.	अश्ले.	ज्ये.	उ.भा.
६	कुलांगना	उ.फा.	अश्वि.	अभिजित	मू.
७	पुत्रो/भ्राता	रे.	मृ.	भ.	पू.फा.
८	भृत्य:	शीघ्रं	बहुयत्नेन	दुराच्छु	नश्रूयते
९	कुलांगना	लभ्यते	लाभदा	यते	नप्राप्ति:
१०	शत्रु:				
११	मूषक:	पू.	द.	प.	उ.
१२	भूमिगत:	दि. ४	३	६४	०

चोरको उमेर जान्ने विधि:
प्रश्न लग्नको मालिक शुक्र भए युवक, बुध भए बालक, बृहस्पति भए अधबैंसे, मंगल भए तरुण, शनि भए बूढो र सूर्य भए अतिबूढो।

रोगप्रश्न:
प्रश्न समयको तिथि, वार, नक्षत्र, प्रहर र लग्नलाई जोड्ने र ८ ले भाग दिने। शेष ३, ७ बँचे देवताको बाधा २,० बचे पितृवाधा, ६,४ बचे भूतबाधा १, ५ शेष बँचे केहीको पनि बाधा छैन।

गर्भप्रश्न :
प्रश्न समयको तिथि, वार, नक्षत्र र गर्भिणी स्त्रीको नामको आद्य अक्षरको संख्या जोडेर ७ ले भाग दिने। जोर अंक शेष बचे छोरी र बिजोर अंक रहे छोराको जन्म हुन्छ।

चिना, टिप्पन, हस्तरेखा, ग्रहजप आदि कार्यका लागि सम्पर्क गर्नुहोस्।

लोचन ज्योतिष तथा वास्तु सेवा

ज्यो.पं. विदुर न्यौपाने

कोटेश्वर-३५, काठमाडौं

फोन नं.: ०१-४६००५४७

रुद्रयामलोक्त योगिनी दशान्तर्दशाचक्रम्

मं.	पिं.	धा.	भ्रा.	भ.	उ.	सि.	सं.
१	२	३	४	५	६	७	८
चं.	सू.	बृ.	मं.	बु.	श.	शु.	रा
मं.	पिं.	धा.	भ्रा.	भ.	उ.	सि.	सं.
०	०	०	०	०	१	१	१
०	१	३	५	८	०	४	९
१०	१०	०	१०	१०	०	१०	१०
पिं.	धा.	भ्रा.	भ.	उ.	सि.	सं.	मं.
०	०	०	०	०	१	१	०
०	२	४	६	१०	२	६	२
२०	०	०	२०	०	०	२०	२०
धा.	भ्रा.	भ.	उ.	सि.	सं.	मं.	पि.
०	०	०	०	०	१	०	०
१	२	५	८	११	४	२	५
०	२०	०	०	२०	०	१०	१०
भ्रा.	भ.	उ.	सिं.	सं.	मं.	पि.	धा.
०	०	०	०	१	०	०	०
१	३	६	९	१	२	४	८
१०	१०	०	१०	१०	०	२०	०
भ.	उ.	सि.	सं.	मं.	पि.	धा.	भ्रा.
०	०	०	०	०	०	०	०
१	४	७	१०	१	४	७	१०
२०	०	०	२०	२०	०	०	२०
उ.	सि.	सं.	मं.	पि.	धा.	भ्रा.	भ.
०	०	०	०	०	०	०	१
२	४	८	१	३	६	९	१
०	२०	०	१०	१०	०	१०	१०
सि.	सं.	मं.	पि.	धा.	भ्रा.	भ.	उ.
०	०	०	०	०	०	०	१
२	५	१	२	५	८	११	४
१०	१०	०	२०	०	०	२०	०
सं.	मं.	पि.	धा.	भ्रा.	भ.	उ.	सि.
०	०	०	०	०	०	१	१
२	०	२	४	६	१०	२	६
२०	२०	०	०	२०	०	०	२०

विंशोत्तरीय महादशान्तर्दशा चक्रम्

र	चं.	मं.	रा.	बृ.	श.	बु.	के.	शु.
६	१०	७	१८	१६	१९	१७	७	२०
र.	चं.	मं.	रा.	बृ.	श.	बु.	के.	शु.
०	०	०	२	२	३	२	०	३
३	१०	४	८	१	०	४	४	४
१८	०	२७	१२	१८	३	२७	२७	०
चं.	मं.	रा.	बृ.	श.	बु.	के.	शु.	र.
०	०	१	२	२	२	०	१	१
६	७	०	४	६	८	११	२	०
०	०	१८	२४	१२	९	२७	०	०
म.	रा.	बृ.	शं.	बु.	के.	शु.	र.	चं.
०	१	०	२	२	१	२	०	१
४	६	११	१०	३	१	१०	४	८
६	०	६	६	६	९	०	६	०
रा.	बृ.	श.	बु.	के.	शु.	र.	चं.	मं.
०	१	१	२	०	३	०	०	१
१०	४	१	६	११	२	१०	७	२
२४	०	९	१८	६	०	६	०	०
बृ.	श.	बु.	के.	शु.	र.	चं.	मं.	रा.
०	१	०	१	२	०	१	०	३
९	७	११	०	८	११	५	४	०
१८	०	२७	१८	०	१२	०	२७	०
शं.	बु.	के.	शु.	र.	चं.	मं.	रा.	बृ.
०	१	०	३	०	१	०	१	२
११	५	४	०	९	७	११	०	८
१२	०	२७	०	१८	०	२७	१८	०
बु.	के.	शु.	र.	चं.	मं.	रा.	बृ.	शं.
०	०	१	०	१	१	२	०	३
१०	७	२	१०	४	१	६	११	२
६	०	०	२४	०	९	१८	६	०
के.	शु.	र.	चं.	मं.	रा.	बृ.	शं.	बु.
०	१	०	१	०	२	२	१	२
४	८	४	६	११	१०	३	१	१०
६	०	६	०	६	६	६	९	०
शु.	र.	चं.	मं.	रा.	बृ.	श.	बु.	के.
१	०	०	१	२	२	२	०	१
०	६	७	०	४	६	८	११	२
०	०	०	१८	२४	१२	९	२७	०

योगिनीदशागणनायचक्रम्

मं.	पि.	धा.	भ्रा.	भ.	उ.	सि.	सं.	दशाः
१	२	३	४	५	६	७	८	वर्षः
०	०	०	अ	भ.	कृ.	रो.	मृ.	नक्षत्राणि
आ.	पु.	ति	अ.	म.	पू.	उ.	ह.	नक्षत्राणि
चि.	स्वा.	वि.	अ.	ज्ये.	मू.	पू.	उ.	नक्षत्राणि
श्र.	ध.	श.	पू.	उ.	रे.	०	०	नक्षत्राणि

विंशोत्तरी/त्रिभागी दशागणनायचक्रम्

आ	चं	भौ	रा	वृ	श	बु	के	शु	दशाः
६	१०	७	१८	१६	१९	१७	७	२०	विंशोत्तरी
४	६	४	१२	१०	१२	११	४	१३	त्रिभागी वर्ष
०	८	८	०	८	८	४	८	४	मासः
कृ	रो	मृ	आ	पु	ति	अ	म	पू	नक्षत्राणि
उ	ह	चि	स्वा	वि	अ	ज्ये	मू	पू	नक्षत्राणि
उ	श्र	ध	श	पू	उ	रे	अ	भ	नक्षत्राणि

केन्द्राधीश्वरकोणनायकदशाश्चान्तर्दशाः शोभनाः।
सामान्याश्च धनत्रिलाभभवनाधीशग्रहाणां दशाः॥
षष्ठाष्टव्ययभावनायकदशाः कष्ट्य भवेयुः सदा।
नेतुर्लग्नमवेक्ष्यतत्तदधिपात्तत्तद्दशाभुक्तिषु॥

त्रिभागीदशान्तर्दशाचक्रम्

र.	चं.	मं.	रा.	बृ.	शं.	बु.	के.	शु.
४	६	४	१२	१०	१२	११	४	१३
र	चं.	मं.	रा.	बृ.	श.	बु.	के.	शु.
०	०	०	१	१	२	१	०	२
२	६	३	९	५	०	७	३	२
१२	२०	८	१८	२	२	८	८	२०
चं.	मं.	रा.	बृ.	शं.	बु.	के.	शु.	र.
०	०	०	१	१	१	०	०	०
४	४	८	७	८	९	७	९	८
०	२०	१२	६	८	१६	२८	१०	०
मं.	रा.	बृ.	श.	बु.	के.	शु.	र.	चं.
०	१	०	१	१	०	१	०	१
२	०	७	१०	६	८	१०	२	१
२४	०	१४	२४	४	२६	२०	२४	१०
रा.	बृ.	शं.	बु.	के.	शु.	र.	चं.	मं.
०	०	०	१	०	२	०	०	०
७	१०	८	८	७	१	६	४	९
६	२०	२६	१२	१४	१०	२४	२०	१०
बृ.	शं.	बु.	के.	शु.	र.	चं.	म.	रा.
०	१	०	०	१	०	०	०	२
६	०	७	८	९	७	११	३	०
१२	२०	२८	१२	१०	१८	१०	८	०
शं.	बु.	के.	शु.	र.	चं.	मं.	रा.	बृ.
०	०	०	२	०	१	०	०	१
७	११	३	०	६	०	७	८	९
१८	१०	८	०	१२	२०	२८	१२	१०
बु.	के.	शु.	र.	चं.	मं.	रा.	बृ.	शं.
०	०	०	०	०	०	१	०	२
६	४	९	७	१०	८	८	७	१
२४	२०	१०	६	२०	२६	१२	१४	१०
के.	शु.	र.	चं.	मं.	रा.	बृ.	शं.	बु.
०	१	०	१	०	१	१	०	१
२	१	२	०	७	१०	६	८	१०
२४	१०	२४	०	१४	२४	४	२६	२०
शु.	र.	चं.	मं.	रा.	बृ.	शं.	बु.	के.
०	०	०	०	१	१	१	०	०
८	४	४	८	७	८	९	७	९
०	०	२०	१२	६	८	१६	२८	१०

पिंगला-भ्रामरी-सिद्धा, संकटा-विकटा स्तोत्रम्

पिंगवर्णां पिंगकेशीं पिंगनेत्रां धनुः शरान्।
हस्ताभ्यां दधतीं पद्मयुगलं तां नमाम्यहम्॥

मंगला-धान्य-उल्का स्तोत्रम्

ध्यायेदेनां त्रिनयनामुद्यदादित्यसन्निभाम्।
हरस्मेरमुखाम्भोजां सिन्दूरां सुन्दराधराम्॥
पद्मद्वये धनुर्वाणं दधतीं भुजपल्लवैः।
सुगुञ्जन्मञ्जुमञ्जीरां काञ्चीगुणविराजिताम्॥

देवब्राह्मणवन्दनाद् गुरुवचः संपादनात्प्रत्यहं
साधूनामभिभाषणाच्छुतिरवाच्छ्रेयःकथाकर्णनात्।
होमादध्वरदर्शनाच्छुचिमनो भावाज्जपाद्दानतो
नो कुर्वन्ति कदाचिदेव पुरुषस्यैवं ग्रहाः पीडनम्॥

अङ्ग्रेजी र नेपाली भाषामा देश विदेशमा जन्मिएका व्यक्तिहरूको चिना बनाउने, नामराशि जुराउने, जन्मफल, वर्षफल आदि समेत भएको सफ्टवेयर चाहिएमा सम्पर्क गर्नुहोस्।

सूर्य-पञ्चाङ्ग कार्यालय

चाबहिल, काठमाडौं

फोन नं.: ४४८५६३३ मो.: ९८५१०८८७५५

पाञ्चायनदेवतास्थापनाप्रकारः

आदित्यं गणनाथं च देवीं रुद्रं च केशवम्।
पञ्चदैवत्यमित्युक्तं सर्वकर्मसु पूजयेत्॥

पूर्व ↑

विष्णु पाञ्चायन	शिव पाञ्चायन	सूर्य पाञ्चायन
शिव गणेश विष्णु देवी सूर्य	विष्णु सूर्य शिव देवी गणेश	शिव गणेश सूर्य विष्णु देवी

देवी पाञ्चायन	गणेश पाञ्चायन
विष्णु शिव देवी सूर्य गणेश	विष्णु शिव गणेश देवी सूर्य

शंख पूजा

ॐ भूर्भुवः स्वः शंखस्थदेवतायै नमः।
त्वं पुरा सागरोत्पन्नो विष्णुना विधृतः करे।
नमितः सर्वदेवैश्च पाञ्चजन्य नमोऽस्तु ते॥

घण्टापूजाविधिः

ॐ भूर्भुवः स्वः घण्टस्थाय गरुडाय नमः।
आगमार्थं तु देवानां गमनार्थं तु रक्षसाम्।
घण्टनादं प्रकुर्वीत पश्चाद् घण्टां प्रपूजयेत्॥
अथ दीप–कलश–गणेश पूजाविधि

बत्ति जलाउने मन्त्रः-

ॐ स्थिरोभव व्वीड्वंगऽआशुर्भवर्वाज्यर्व्वन्।
पृथुर्भव सुषदस्त्वमग्नेः पुरीषवाहणः॥

प्रार्थनाः-

नमोऽस्त्वनन्ताय सहस्रमूर्तये सहस्रपादाक्षिशिरोरुबाहवे।
सहस्रनाम्ने पुरुषाय शाश्वते सहस्रकोटीयुगधारिणे नमः॥

पञ्चोपचारले पूजा गर्ने

ॐ पृष्टे दिवि पृष्टेऽअग्निः पृथिव्यां पृष्टे विश्वाऽओषधीराविवेश।
वैश्वानरः सहसा पृष्टेऽअग्निः सनो दिवा सरिषस्पातु नक्तम्॥
आसन, पाद्य, अर्घ्य आदिले पूजा गरी प्रार्थना गर्ने।

शुभं भवतु कल्याणमारोग्यं सुखसम्पदः।
कर्मणः साक्षिरूपस्त्वं दीपोज्योतिर्नमोऽस्तुते॥

गणेशपूजा– हरिः ॐ तत्सत् ३, ॐ विष्णुः ३, इत्यादि देशकालौ स्मृत्वा अद्येह अमुक गोत्रस्य अमुक प्रवरस्य अमुक शर्मणो मम अमुक कर्मणि निर्विघ्नपरिसमाप्त्यर्थ अमुक कर्माङ्गतया गणेशपूजनमहङ्करिष्ये।

ध्यानं : ॐ सुमुखश्चैकदन्तश्च कपिलो गजकर्णकः।
लम्बोदरश्च विकटो विघ्ननाशो विनायकः॥
वक्रतुण्ड महाकाय कोटिसूर्य समप्रभः।
अविघ्नं कुरु मे देव सर्वकार्येषु सर्वदा॥

आह्वानम् : हरिः ॐ गणानान्त्वा गणपति ६° हवामहे प्रियाणान्त्वा प्रियपति६°हवामहे निधीनान्त्वा निधिपति६° हवामहे व्वसोमम। आहमजानिगर्ब्भधमात्वमजासिगर्ब्भधम्।
ॐ भूर्भुवः स्वः गणपते सिद्धिबुद्धिसहितः सायुधः सवाहनः साङ्गःसपरिवार इहागच्छ इहतिष्ठ यावत् पूजां करोमि तावत्त्वं सुस्थिरो भव सुप्रसन्नो भव सुवरदो भव।

षोडशोपचारले पूजा गरी प्रार्थना गर्ने –

रक्ष रक्ष गणाध्यक्ष रक्ष त्रैलोक्यरक्षक।
भक्तानामभयङ्कर्ता त्राता भव भवार्णवात्॥१॥
द्वैमातुर कृपासिन्धो षाण्मातुरग्रज प्रभो।
वरदस्त्वं वरं देहि वाञ्छितं वाञ्छितार्थद॥२॥
अनेन फलदानेन फलदोऽस्तु सदा मम॥

अथ कलशपूजनम्

चन्दन, कुङ्कुम आदिले भूमिमा पद्माकार लेखी पूजा गर्ने–
ॐभूरसिभूमिरस्यदितिरसिविश्शवधायाविश्शवस्य भुवनस्यधर्त्री।
पृथिवीं य्यच्छ पृथिवींन्दृ ६° हपृथिवीं मा हि ६° सिः॥

धान्य स्थापनामन्त्रः ॐ धान्यमसि ....।

कलश राख्ने मन्त्रः- ॐ आजिघ्र कलशं मह्यात्वा विशन्त्विन्दवः। पुनरूर्ज्जानिवर्तस्वसानः सहस्रं धुक्ष्वोरुधारा पयस्वती पुनर्म्माविशताद्रयिः। ***जल राख्ने मन्त्रः***- ॐ व्वरुणस्योत्तम्भनमसि व्वरुणस्य स्कम्भसर्ज्जनीस्थो व्वरुणस्यऽऋतसदन्यसि व्वरुणस्यऽऋतसदनमसि व्वरुणस्यऽऋतसदनमासीद। ***चन्दन राख्ने मन्त्रः***- ॐ त्वां गन्धर्व्वाऽअखनं स्त्वामिन्नद्रस्त्वां बृहस्पतिः। त्वामोषधे सोमो राजा विद्वान्यक्ष्मादमुच्यत। ***सर्वौषधी राख्ने मन्त्रः***- ॐ याऽओषधीः पूर्व्वा जाता देवेब्भ्यस्त्रियुगं पुरा। मनैनु बब्भ्रूणामह ६° शतं धामानि सप्त च॥ ***दूबो राख्ने मन्त्रः***- ॐ काण्डात् काण्डात् प्ररोहन्ती परुषः परुषस्परि। एवानो दूर्व्वे प्प्रतनु सहस्रेण शतेन च॥

पञ्चपल्लवः- ॐ अश्वत्थे वो निषदनं पर्णे वो व्वसतिष्कृता। गोभाजऽइत्किलासथयत्सनवथ पूरुषम् ॥ॐ पवित्रेस्थो.....ले पवित्र, ॐ स्योना पृथिवि नो... ले सप्तमृत्तिका, ॐ या फलिनिर्या ....ले पूगीफल, ॐ हिरण्यगर्भः..ले सुवर्णद्रव्य पञ्चरत्न ॐ पूर्णादर्व्वि...ले पूर्णपात्र कलशमाथि राखी पूजा गर्ने। **वरुणको आवाहन गर्ने मन्त्रः**- ॐ तत्त्वायामि ब्ब्रह्मणा व्वन्दमानस्तदाशास्तेयजमानो हविर्ब्भिः। अहेडमानो वरुणेह बोध्युरुश ६° समानऽआयुः प्रमोषीः॥ अस्मिन् कलशे वरूणं साङ्गं सपरिवारं सायुधं सशक्तिकमावाहयामि स्थापयामि च।
ॐ वरुणाय नमः॥

कलश प्रार्थना :

देवदानवसंवादे मध्यमाने महोदधौ।
उत्पन्नोऽसि तदा कुम्भ विधृतो विष्णुना स्वयम्॥
त्वत्तोये सर्वतीर्थानि देवाः सर्वे त्वयि स्थिताः।
त्वयि तिष्ठन्ति भूतानि त्वयि प्राणाः प्रतिष्ठिताः॥
शिवः स्वयं त्वमेवाऽसि विष्णुस्त्वं च प्रजापतिः।
आदित्या वसवो रुद्रा विश्वेदेवाः सपितृकाः॥
त्वयि तिष्ठन्ति सर्वेऽपि यतः कामफलप्रदाः।
त्वत्प्रसादादिमं यज्ञं कर्तुमीहे जलोद्भव।
सान्निध्यं कुरू मे देव प्रसन्नो भव सर्वदा॥

कलशमा गङ्गादि तीर्थहरुको आह्वान गरी पूजा गर्ने:-

कलशस्य मुखे विष्णुः कण्ठे रुद्रः समाश्रितः। मूले त्वस्य स्थितो ब्रह्मा मध्ये मातृगणाः स्मृता॥ कुक्षौ तु सागराः सर्वे सप्त सप्तद्वीपा वसुन्धरा। ऋग्वेदोऽथ यजुर्वेदः सामवेदोऽप्यथर्वणः। अङ्गैश्च सहिताः सर्वे कलशं तु समाश्रिताः॥

पञ्चकमरणे पुत्तलदाहविधिः-

कर्ता सव्य मै पूर्वतर्फ फर्की कुश-तिल-जल लिने। अद्येहेत्यादि (अमुक) गोत्रस्य (अमुक) प्रेतस्य धनिष्ठादिपञ्चकमरणजनित अनिष्टपरिहारार्थं मृतस्य पञ्चकमरणजन्यदोषपरिहारपूर्वकोत्तम-गतिप्राप्त्यर्थञ्च पञ्चकमरणशान्तिविधिं करिष्ये। भनी छाडिदिने। चन्दन माला आदिले पाँच वटा प्रतिमा (पुतली) लाई सिंगारेर ऊनी धागोले बेरेर जौको पिठोले लिपेर दाह गर्ने समयमा प्रेतमाथि राखि दिने। जसमध्ये प्रेतवाह प्रतिमा शिरमा राख्ने, प्रेतसख प्रतिमा आँखामा राख्ने, प्रेतप प्रतिमा कोखामा राख्ने, प्रेतभूमिप प्रतिमा नाभिमा राखिदिने र प्रेतहर्तृ प्रतिमा पाउमा राख्ने। तिनीहरूलाई नाम मन्त्रले घृत आहुति र जलधारा दिने, *यमाय सोमं मधुमत्तयेर्षा तेनोगावः स्वदन्तु हव्या। दूतं वो देवः स्वदयं मुमेषातेनोरास्तं तमुरुमा यमद्ययूयं पातः स्वस्तिभिः सदा नः॥ त्र्यम्बकं यजामहे सुगन्धिम्पुष्टिवर्द्धनम्। उर्वारुकमिवबन्धनान् मृत्योर्मुक्षीयमा मृतात्॥* यी मन्त्रले प्रतिमाहरूमा प्रत्येक पटक घृत आहुति गर्ने॥ *ॐ प्रेतवाहाय स्वाहा, ॐ प्रेतसखाय स्वाहा, ॐ प्रेतपाय स्वाहा, ॐ प्रेतभूमिपाय स्वाहा, ॐ प्रेतहर्त्रे स्वाहा।*

द्रष्टव्यः– पञ्चक लाग्नु अगाडि मरेका व्यक्तिको पञ्चकमा दाह गर्नुपरे पुतलादाह मात्र गर्ने, शान्ति गर्नुपर्दैन। पञ्चकमा मरेका व्यक्तिको पञ्चक समाप्त भएपछि दाह गरे शान्तिमात्र गर्ने पुतलादाह गर्नु पर्दैन। पञ्चक भित्र मरेका र पञ्चकभित्रै दाह गर्नुपरे शान्ति र पुतलदाह दुवै गर्नुपर्छ।

जन्मोत्सवपूजा

स्नानसङ्कल्पः- अद्येहेत्याद्युच्चार्य अमुकगोत्रोऽमुकराशिर-मुकशर्म्माहं आयुरभिवृद्धये संवत्सरावच्छिन्नसुख-प्राप्तिकामस्तिलकल्कीमिश्रिततिलोदकेन स्नानं करिष्ये।

नवीनवस्त्रधारणम्:- ॐपरिधास्यै यशोधास्यै दीर्घायुत्वायजरदष्टिरस्मि । शतं च जीवामि शरदः पुरूचीरायस्पोषम- भिसंव्ययिष्ये ॥

प्रधानसङ्कल्पः- अद्येहेत्यादि अमुकगोत्रोऽमुकराशिर-मुकशर्माहं मम जन्मदिवसे....... वर्षबृद्धौ जन्मोत्सवकर्मणि दीर्घायुरारोग्यैश्वर्योदयाद्यभिवृद्ध्यर्थम् दीपकलशगणेश पूजनपूर्वकं मार्कण्डेयाद्यष्टचिरञ्जीविनां महाषष्ठिका-याश्च यथासंपादितोपचारैः पूजनमहं करिष्ये।

ततो ब्राम्हणवरणं पुण्याहवाचनं च विधाय, दीपकलशगणेशं च यथाविधिना पाद्यादिभिरुपचारैः सम्पूजयेत् ।

ततोऽष्टदलेषु:- पूर्वे-मार्कण्डेयम् । आग्नेये-व्यासम् । दक्षिणे-परशुरामम्। नैऋत्ये-द्रौणिम्। पश्चिमे-कृपाचार्यम्। वायव्ये-बलिम् । उत्तरे-हनूमन्तम् । ईशाने-विभीषणम् । मध्ये-षष्ठिकां च स्थापयित्वा ध्यानावाहनादिक्रमेण यथासम्पादितोपचारैः सम्पूजयेत्।

नाममन्त्रेण पूजनम् ॐकुलदेवतायै नमः। ॐ .... जन्मनक्षत्रेशाय नमः । ॐ प्रकृतिपुरूषात्मकमातापितृभ्यां नमः। ॐ ब्रह्मणे नमः। ॐ भानवे नमः। ॐविघ्नेशाय नमः। जन्मसंवत्सरतिथिवासरनक्षत्रयोगकरणं राशिलग्न-मुहूर्तादिंश्चपूजयेत्।

पोटलिकाधारणम्- ततः पीतवस्त्रे आचारादष्येतर-शतदूर्वाक्षतसिद्धार्थगुग्गुल गोरोचननिम्बपल्लवान् धृत्वा तत्र गणेशं भास्करञ्च पूजयित्वा पीतसूत्रेण पोटलिकां बद्ध्वा **मार्कण्डेयं प्रार्थयेत्**- मार्कण्डेय महाभाग सप्तकल्पान्तजीविन। आयुरारोग्यसिद्ध्यर्थमस्माकं वरदो भव ॥ चिरञ्जीवी यथा त्वं भो भविष्यामि तथा मुने। रूपवान्वित्तवाँश्चैव श्रिया युक्तश्च सर्वदा ॥ मार्कण्डेय नमस्तेऽस्तु सप्तकल्पान्तजीविनः । आयुरारोग्यसिद्ध्यर्थं प्रसीद भगवन्मुने ॥ चिरञ्जीवी यथा त्वं तु मुनीनां प्रवरो द्विज। कुरूष्व मुनिशार्दूल तथा मां चिरजीविनम्॥

ततः षष्ठीकादेवीं प्रार्थयेत्- जय देवि जगन्मातर्जगदा-नन्दकारिणि। प्रसीद मम कल्याणि महाषष्ठि नमोऽस्तुते। रूपं देहि यशो देहि भद्रं भवति देहि मे ॥ त्रैलोक्ये यानि भूतानि स्थावराणि चराणि च। ब्रह्मविष्णुशिवैः सार्द्ध रक्षां कुर्वन्तु तानि मे॥ इति सम्प्रार्थ्य ततोऽञ्जलिना मार्कण्डेयाय निवेदयेत्।

पयः पञ्चवारं पिबेत्, तत्र मन्त्रः:- सतिलगुडसम्मि-श्रमञ्जल्यर्द्धमिदं पयः । मार्कण्डेयाद्वरं लब्ध्वा पिबाम्यायुर्विवृद्धये ॥ ततो अर्घ्यं निवेद्य पूर्णपात्रं कृत्वा तिलपात्रदानं कृत्वा ब्राह्मणेभ्यो दक्षिणां दत्वा देवान् विसर्ज्य, कलशोदकेन अभिषेकं कृत्वा कायेनवाचेति कर्मेश्वरार्पणं कृत्वा कर्म समापयेत्॥

आशौचनिर्णय

कर्ताबाट ७ पुस्तासम्म १० रात्री, १४ पुस्ता ३ रात्री र २१ पुस्तासम्म १ रात्री जनना र मृताशौचमा बार्नुपर्छ।

सूतक निर्णयः (क) ६ महिनासम्मको गर्भपतन भए (तुहे) आमालाई जति महिनाको गर्भ तुहेको हो त्यति दिन नछुने। बाबु र सपिण्डीलाई ४ महिनासम्मको भए नुहाए शुद्ध हुन्छ र ५, ६ महिनाको भए ३ दिन लाग्छ। (ख) ७ महिनादेखि पूरा १० दिन बार्नुपर्छ र सुत्केरीलाई १० दिन छुनु हुँदैन। (ग) नाल नकाटी मरे सपिण्डीलाई ३ दिन र सुत्केरीलाई १० दिन, नाल काटेपछि मरेको भए पूरै १० दिन। (घ) माइतमा सुत्केरी भए बाबु र दाजुभाइलाई १ दिन। म्याद नाघेपछि सुनेको सूतक बार्नुपर्दैन।

(२) जूठो निर्णयः (क) छोरा व्रतबन्ध नगरी मरे बाबुआमा र सौतेनी आमालाई ३ रात। (ख) ६ महिनासम्मको सपिण्डीले नुहाए पुग्छ ६ महिना देखि ३ वर्षसम्म १ दिन। (ग) छोरीको ६ महिनासम्म सपिण्डीलाई १ दिन, बाबु आमालाई ३ दिन। (घ) विवाह गरेकी छोरी माइतमा मरे दाजुभाइलाई ३ दिन पतिको घरमा मरे पक्षिणी, काकालाई १ दिन, दिदी बहिनीलाई दाजुभाइ सरह। (ङ) कर्म नचलेका छोराछोरीले बाबुआमाको नियमले दशरात्री बार्नुपर्छ। (च) विवाह गरेकी छोरीको– १० दिन भित्र सुने ३ दिन र १० दिनपछि सुने एक दिन। (छ) धर्मपुत्रले ३ दिन, क्रिया गर्नु परे १० दिन। (ज) सौतेनी आमाको १० दिन एकवर्षपछि सुनेको भए पनि ३ दिन। सातपुस्ता भित्र व्रतबन्ध भएका (सपिण्डी भित्र) १० रात्रि।

एक दिन (आजैको दिन र रात)- सौतेने मामा-माइजू, गुरुपत्नी, गुरुपुत्र, सालो/साली, जेठान, पुरोहित, समान जातिको मित, ज्वाइँको (सुरालीमा मरे ३ रात), सालासालीको (कर्म नचलेकाको भए स्नानमात्र), धर्मपुत्रपट्टिका छोरा नातिको जुठो सूतक सपिण्डीभित्र (कुलकै भए पुरा), घरमा नाता नपर्ने मरे।

